जिल्ला समन्वय समिति
काभ्रेपलाञ्चोक

# नवौं जिल्ला सभा

## आ.व. २०८३/०८४
## नीति तथा कार्यक्रम

२०८३/०२/२१

CamScanner

# नवौं जिल्ला सभा

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

## जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक

ऐतिहासिक नवौं जिल्ला सभामा प्रमुख अतिथिको रूपमा गरिमामय उपस्थिति जनाउनु भएका प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, विशिष्ट अतिथिका रूपमा उपस्थित प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरू, बागमती प्रदेश सभाका माननीय मन्त्री तथा माननीय सदस्यज्यूहरू, जिल्ला सभाका सदस्यका रूपमा उपस्थित जिल्लाका सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाका प्रमुख एवं उपप्रमुखज्यूहरू, जिल्ला समन्वय समितिका उप-प्रमुख तथा सदस्यज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरू, जिल्लास्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखज्यूहरू, पत्रकार महासंघका अध्यक्ष तथा सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू तथा सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत, सम्मान तथा आभार व्यक्त गर्दछु।

प्राकृतिक सौन्दर्य, ऐतिहासिक गौरव, सांस्कृतिक वैभव र अथाह सम्भावनाले सम्पन्न काभ्रेपलाञ्चोक जिल्लाको नवौं जिल्ला सभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति गरेको छु।

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, सामाजिक न्याय, समावेशी लोकतन्त्र, नागरिक अधिकार र समृद्ध नेपालको परिकल्पनाका लागि विभिन्न कालखण्डमा सञ्चालित राजनीतिक, सामाजिक तथा लोकतान्त्रिक आन्दोलनहरूमा साथै सु-साशनको परिकल्पना सहित जेन-जी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते, बेपत्ता, अपाङ्गता भएका योद्धा, लोकतन्त्रका पक्षमा संघर्षरत अग्रज तथा परिवर्तनका संवाहक सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।



CamScanner

आज हामी केवल नीति तथा कार्यक्रम पारित गर्न यहाँ भेला भएका होइनौं। हामी काभ्रेपलाञ्चोकको भविष्यको मार्गचित्र कोर्न, विकासको नयाँ युग प्रारम्भ गर्न र आगामी पुस्ताका लागि अझ सुरक्षित, समृद्ध, सुशासित तथा जलवायु उत्थानशील जिल्ला निर्माण गर्ने साझा संकल्प गर्न यहाँ उपस्थित भएका छौं।

काठमाडौं उपत्यकाको प्रवेशद्वार, बागमती प्रदेशको विकासको केन्द्र, शिक्षा, कृषि, पर्यटन, संस्कृति तथा नवप्रवर्तनको उर्वर भूमि काभ्रेपलाञ्चोक आज सम्भावना र चुनौतीको संगममा उभिएको छ। एकातर्फ जलवायु परिवर्तन, विपद् जोखिम, कृषि उत्पादनमा चुनौती, बढ्दो बसाइँसराइ र प्राकृतिक स्रोतमाथिको दबाब छ भने अर्कोतर्फ कृषि, पर्यटन, शिक्षा, हरित अर्थतन्त्र, सूचना प्रविधि तथा युवा उद्यमशीलताको असीम सम्भावना पनि छ।

इतिहासले हामीलाई गौरवशाली विरासत दिएको छ। अब त्यसलाई दिगो समृद्धिमा रूपान्तरण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। त्यसैले—

**"जलवायु उत्थानशील, सुशासित र समन्वित काभ्रेपलाञ्चोक: दिगो समृद्धितर्फको साझा अभियान"** आगामी आर्थिक वर्षको हाम्रो मूल संकल्प हुनेछ।

गत वर्ष कृषि महोत्सव, खेलकुद महोत्सव, विश्व युवा सम्मेलन, अन्तरतह समन्वय, बालमैत्री अभियान, वित्तीय सुशासन, विकास अनुगमन तथा नवप्रवर्तनका क्षेत्रमा हासिल भएका उपलब्धिहरूलाई आधार बनाउँदै अब हामी परिणाममुखी, उत्तरदायी र दिगो विकासको नयाँ चरणमा प्रवेश गर्नेछौं।

---

## प्रस्तावित नीति तथा कार्यक्रम

### १. जलवायु परिवर्तन तथा जलवायु उत्थानशील काभ्रेपलाञ्चोक अभियान

जलवायु परिवर्तन आज विकासको मात्र होइन, मानव अस्तित्वकै चुनौती बनेको छ। खानेपानीका मुहान सुक्दै जानु, अनियमित वर्षा, बाढी, पहिरो, वन डढेलो, कृषि

उत्पादनमा गिरावट तथा जैविक विविधतामा आएको ह्रासले काभ्रेपलाञ्चोकलाई प्रत्यक्ष असर गरिरहेको छ।

यस चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै आगामी आर्थिक वर्षमा " काभ्रेपलाञ्चोक जलवायु सम्मेलन–२०८३" आयोजना गरिनेछ। संघ, प्रदेश, स्थानीय तह, विश्वविद्यालय, विज्ञ, विकास साझेदार तथा नागरिक समाजको सहभागितामा जिल्लाको पहिलो जलवायु उत्थानशील विकास मार्गचित्र (Climate Resilient Development Roadmap) तयार गरिनेछ।

जलाधार संरक्षण, मुहान पुनर्जीवन, हरित ऊर्जा, कार्बन अर्थतन्त्र, जलवायु अनुकूल कृषि, वन संरक्षण तथा वातावरणीय न्यायलाई विकासको केन्द्रबिन्दु बनाइनेछ। यो सम्मेलन केवल कार्यक्रम होइन, भावी पुस्ताप्रतिको हाम्रो उत्तरदायित्व हुनेछ।

## २. विपद् व्यवस्थापनबाट विपद् पूर्वतयारीतर्फ

विपद् आएपछि उद्धार गर्ने परम्परागत अभ्यासलाई परिवर्तन गर्दै विपद् आउनुअघि तयारी गर्ने संस्कृतिको विकास गरिनेछ। जोखिमयुक्त क्षेत्रहरूको वैज्ञानिक नक्साङ्कन गरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता कार्ययोजना निर्माण गरिनेछ। पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती अवधारणा, आपतकालीन प्रतिकार्य संयन्त्र तथा स्थानीय स्वयंसेवक परिचालनलाई सुदृढ गरिनेछ।

## ३. समन्वयको केन्द्र, विकासको नेतृत्व

जिल्ला समन्वय समितिलाई संघ, प्रदेश र स्थानीय तहबीचको प्रभावकारी पुलका रूपमा थप सबल बनाइनेछ।



CamScanner

समन्वय, सहकार्य र सहअस्तित्वमार्फत विकास आयोजनाको दोहोरोपन अन्त्य गर्दै साझा योजना, साझा कार्यान्वयन र साझा उत्तरदायित्वको संस्कृतिलाई संस्थागत गरिनेछ।

## ४. सन्तुलित विकास र समावेशी समृद्धि

विकासको प्रतिफल जिल्लाका सबै पालिका, वडा र समुदायसम्म समान रूपमा पुग्ने सुनिश्चितता गरिनेछ।

भौगोलिक विकटता, सामाजिक अवस्था तथा पूर्वाधार पहुँचका आधारमा पछाडि परेका क्षेत्रलाई प्राथमिकतामा राख्दै "कोही पनि पालिका विकासबाट पछि नपर्ने" अवधारणालाई कार्यान्वयन गरिनेछ।

## ५. सुशासन, नागरिकमैत्री शासन र चुस्त सेवा प्रवाह

सुशासनलाई नारामा सीमित नराखी नागरिकले अनुभूति गर्ने व्यवहारमा रूपान्तरण गरिनेछ।

डिजिटल शासन, विद्युतीय अभिलेख, अनलाइन सेवा, क्यूआर भुक्तानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापनलाई सुदृढ गरी सेवा प्रवाहलाई छरितो, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाइनेछ।

## ६. परिणाममुखी अनुगमन र उत्तरदायी प्रशासन

विकास आयोजनाको सफलता खर्च भएको बजेटले होइन, नागरिकको जीवनमा आएको परिवर्तनले मापन गरिनेछ।



CamScanner

संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रमहरूको संयुक्त अनुगमन, सार्वजनिक समीक्षा तथा उपलब्धिमा आधारित मूल्याङ्कन प्रणालीलाई संस्थागत गरिनेछ। अनुगमनलाई नियन्त्रण होइन, सुधार र परिणाम सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गरिनेछ।

## ७. वित्तीय अनुशासन र संस्थागत सुशासन

बेरुजु न्यूनीकरण, सार्वजनिक खरिद सुधार, राजस्व परिचालन, वित्तीय पारदर्शिता तथा उत्तरदायित्वलाई संस्थागत गरिनेछ। सार्वजनिक स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै वित्तीय सुशासनलाई विकास व्यवस्थापनको आधार बनाइनेछ।

## ८. कृषि आधुनिकीकरण र आत्मनिर्भरता

कृषिलाई निर्वाहमुखीबाट व्यवसायिक, परम्परागतबाट आधुनिक र उत्पादनबाट उद्यमतर्फ रूपान्तरण गरिनेछ। कृषियोग्य भूमिको संरक्षण, मूल्य श्रृंखला विकास, भण्डारण, प्रशोधन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

## ९. रैथाने बाली र स्थानीय अर्थतन्त्र

रैथाने बाली, स्थानीय उत्पादन, जैविक कृषि तथा मौलिक खाद्य संस्कृतिको संरक्षण र व्यवसायीकरण गरिनेछ। स्थानीय उत्पादनलाई जिल्लाको पहिचान र समृद्धिको आधार बनाइनेछ।

## १०. पर्यटन विकास र आर्थिक समृद्धि

नमोबुद्ध, पनौती, बेथानचोक, तेमाल लगायतका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक गन्तव्यहरूको एकीकृत विकास गरिनेछ। पर्यटनलाई रोजगारी, आयआर्जन र स्थानीय अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गरिनेछ।



CamScanner

## ११. शिक्षा, सीप र नवप्रवर्तन

विद्यालयदेखि विश्वविद्यालयसम्म गुणस्तरीय, प्रविधिमैत्री र सीपमूलक शिक्षाको विस्तार गरिनेछ। अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता तथा युवाको क्षमता विकासमार्फत आत्मनिर्भर र प्रतिस्पर्धी जनशक्ति उत्पादनमा जोड दिइनेछ।

## १२. स्वास्थ्य, सामाजिक न्याय र मानव विकास

मानसिक स्वास्थ्य, नसर्ने रोग नियन्त्रण, आत्महत्या न्यूनीकरण तथा स्वास्थ्य सचेतनाका कार्यक्रम विस्तार गरिनेछन्। महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सिमान्तकृत समुदायको अधिकार र सम्मान सुनिश्चित गरिनेछ।

## १३. स्वच्छ, सुरक्षित र व्यवस्थित काभ्रेपलाञ्चोक

फोहोर व्यवस्थापन, प्लास्टिक न्यूनीकरण, सडक सुरक्षा, स्वच्छ बस्ती तथा हरित पूर्वाधार विकासलाई अभियानका रूपमा अगाडि बढाइनेछ। स्वच्छ काभ्रेपलाञ्चोक, स्वस्थ काभ्रेपलाञ्चोक र समृद्ध काभ्रे निर्माणको सपनालाई मूर्त रूपमा विकास गरिनेछ।

## वित्तीय अवस्था

| स्रोत | प्राप्त बजेट | खर्च | प्रगति |
|---|---|---|---|
| संघीय सरकार | रु. १ करोड ५७ लाख ६२ हजार | रु. १ करोड १५ लाख ७५ हजार | ७३.४४% |
| बागमती प्रदेश | रु. २८ लाख | रु. १३ लाख ७९ हजार | ४९.२६% |

साथै, आ.व. २०७५/०७६ मा जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको कुल रु. ४२ करोड ८४ लाख १६ हजार ५ सय ३८ रुपैयाँ १६ पैसामध्ये स्थानीय तहसँगको

लागत साझेदारीमा सञ्चालन गरिएका प्रशासनिक भवन, स्वास्थ्य संस्था, खानेपानी तथा शैक्षिक पूर्वाधार लगायतका महत्वपूर्ण आयोजनाहरूमा लगानी हुँदै आएको छ। उक्त कोषबाट विकास निर्माणका कार्यहरूमा निरन्तर परिचालन पश्चात् हाल मौज्दात रु. ४ करोड ५२ लाख १४ हजार १ सय १४ रुपैयाँ ९ पैसा रहेको जानकारी गराउन चाहन्छु।

उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै पारदर्शी, मितव्ययी तथा परिणाममुखी खर्च प्रणालीलाई थप सुदृढ गरिनेछ।

---

अन्त्यमा

**आदरणीय सदस्यज्यूहरू,**

नमोबुद्धको करुणा, पनौतीको सभ्यता,
धुलिखेलको दूरदृष्टि, बनेपाको व्यावसायिक क्षमता।

पाँचखालको उर्वर भूमि, मण्डनदेउपुरको इतिहास,
रोशीको श्रमशीलता, तेमालको मौलिक विश्वास।

बेथानचोकको शिखर, चौँरीदेउरालीको स्वाभिमान,
भुम्लुको प्राकृतिक सौन्दर्य, महाभारतको संघर्षमय अभियान।

खानीखोलाको उत्पादनशीलता, सुनकोशीको अविरल बहाव,
काभ्रेपलाञ्चोकको माटोमा समृद्धिको अटल प्रभाव।

हामी फरक दलमा हुन सक्छौं, तर काभ्रेपलाञ्चोकको भविष्यप्रतिको प्रतिबद्धता फरक हुन सक्दैन।

हामी फरक विचार राख्न सक्छौं, तर विकासको गन्तव्य फरक हुन सक्दैन।

हामी फरक भूगोलमा बस्न सक्छौं, तर समृद्धिको सपना फरक हुन सक्दैन।

जलवायु सम्मेलन हाम्रो कार्यक्रम मात्र होइन, भावी पुस्ताप्रतिको जिम्मेवारी हो।

विपद् पूर्वतयारी हाम्रो आवश्यकता मात्र होइन, अस्तित्व प्रश्न हो।

सुशासन हाम्रो दायित्व मात्र होइन, नागरिकप्रतिको उत्तरदायित्व हो।

र समन्वय हाम्रो अधिकार मात्र होइन, संघीयताको आत्मा हो।

**आउनुहोस्,**

समन्वयलाई संस्कार बनाऔं,

सुशासनलाई व्यवहार बनाऔं,

विकासलाई अभियान बनाऔं,

र काभ्रेपलाञ्चोकलाई जलवायु उत्थनशील, समृद्ध, सुशासित तथा दिगो विकासको राष्ट्रिय नमुना जिल्ला बनाऔं।

"हामीले इतिहासबाट गौरव पाएका छौं, अब भविष्यलाई गौरव दिने जिम्मेवारी हाम्रो हो।

काभ्रेपलाञ्चोक उठ्यो भने विकास उठ्छ, काभ्रेपलाञ्चोक अघि बढ्यो भने समृद्धि अघि बढ्छ"

जय काभ्रेपलाञ्चोक !

**सम्मननीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, जिल्ला सभाका सम्पूर्ण सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,**

आजको यस गरिमामय नवौं जिल्ला सभामा यहाँहरूको अमूल्य समय, सक्रिय सहभागिता, रचनात्मक सुझाव तथा काभ्रेपलाञ्चोकको समृद्धि र विकासप्रतिको प्रतिबद्धताप्रति जिल्ला समन्वय समितिको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

यहाँहरूबाट प्राप्त मार्गदर्शन, सुझाव र सहयोगले प्रस्तुत नीति तथा कार्यक्रमलाई अझ परिपक्व, व्यावहारिक र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुगेको विश्वास लिएको छु। आगामी दिनमा समेत जिल्लाको दिगो विकास, सुशासन, जलवायु उत्थानशीलता, विपद् व्यवस्थापन तथा समन्वित विकासको साझा अभियानमा निरन्तर साथ, सहयोग र सहकार्य प्राप्त हुने अपेक्षा गर्दछु।

अब सम्मानित जिल्ला सभाको निर्णयार्थ देहायका प्रस्तावहरू प्रस्तुत गरेको छु ।

**निर्णय गर्नुपर्ने विषयहरुः-**

१. जिल्ला समन्वय समिति प्रमुखद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा समावेश भएका विषय, प्राथमिकता, उद्देश्य तथा कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गर्ने प्रतिबद्धतासहित नीति तथा कार्यक्रम अनुमोदन तथा पारित गर्ने ।

२. स्थानीय तहबाट प्राप्त कन्टिजेन्सि रकम (0.५%) खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८० (संशोधन) अनुमोदन गर्ने ।

३. जिल्ला मौज्दात कोषमा रहेका खर्च शिर्षकहरुमध्ये स्थानीय तहको लागत साझेदारीमा सञ्चालन भएका योजनाहरुमा जिल्ला समन्वय समितिको बोर्ड बैठकको निर्णय बमोजिम रकमान्तर गरी खर्च भएको रकम अनुमोदन गर्ने र दायित्व सिर्जना भएका रकम खर्च गर्न स्वीकृती दिने ।

२१ जेष्ठ २०८३

दिपक कुमार गौतम

प्रमुख, जिल्ला समन्वय समिति

काभ्रेपलाञ्चोक



CamScanner

नोट... 



CamScanner

जिल्ला समन्वय समिति
काभ्रेपलाञ्चोक, धुलिखेल
District Coordination Committee
Dhulikhel, Kavrepalanchok
टेलिफोन : ०११-४९०२४६, Email:dcckavre@gmail.com